उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

# “सुन्दर समृद्ध र विकसित उमाकुण्ड निर्माणको आधार कृषि,पर्यटन,जलश्रोत र सम्पन्न पुर्वाधार”

## उमाकुण्ड गाउँपालिकाको

## आ.व. २०७७/०७८ को लागि प्रस्तुत नीति तथा कार्यक्रम

## २०७७

शेर बहादुर सुनुवार
अध्यक्ष
उमाकुण्ड गाउँपालिका
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

नेपाली जनताको त्याग र बलिदानीबाट प्राप्त संघियताको मर्म अनुसार नेपालको संविधानमा व्यवस्था भएको स्थानीय सरकारको अभ्यास गरेको ३ वर्ष पुरा भएको छ । ३ वर्षको अवधिमा हामीले उमाकुण्ड गाउँपालिकाको समग्र विकासको लागी धेरै प्रयासहरु गरिरहेकै छौ । यिनै प्रयासहरुको कारण  गाउँपालिका समग्र विकास र समृद्धिको दिशामा अगाडी बढिरहेको सर्वविदितै छ ।

उमाकुण्ड गाउँपालिका भौगोलिक हिसावले अत्यान्त विकट गाउँपालिका हो । भौगोलिक विकटता, महंगो ढुवानी भाडा, दक्ष र पर्याप्त जनशक्तिको अभाव, यातायातको असुविधा लगायत अन्य धेरै कारणले यस गाउँपालिकाको समृद्धिमा समस्या पारिरहेको भएतापनि उमाकुण्ड गाउँपालिका बासी आम जनसमुदायको निरन्तरको सकारात्मक सहकार्यको कारण तिन वर्षको अवधिमा उमाकुण्ड गाउँपालिकाले आर्थिक विकास, समाजिक विकास, पुर्वाधार विकास न्याय तथा सुसासन र अन्य सवै क्षेत्रमा लक्ष्य अनुसारकै सफलता हाँसिल गरिरहेको छ ।

उमाकुण्ड गाउँपालिका सम्भावना नै सम्भावना बोकेको गाउँपालिका हो । गाउँपालिका जल, जंगल, जमिन र जडिबुटी ले भरिएको गाउँपालिका हो । उल्लेखित श्रोतहरुको सहि हिसावले सदुपयोग गरि उमाकुण्ड गाउँपालिकालाई समृद्धिको दिशामा अगाडी बढाउने गाउँपालिकाको लक्ष्य रहेको छ । त्यसै अनुरुप गाउँपालिकाले हाल उल्लेखित श्रोतहरुको सदुपयोगको लागी आवश्यक पर्ने पुर्वाधारहरु निर्माणको कामलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गरिरहेको छ । त्यस बाहेक उमाकुण्ड गाउँपालिका प्रकृतिक श्रोत र साधनले भरिपुर्ण गाउँपालिका हो । उमाकुण्ड गाउँपालिकाको प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरुमा आवश्यक संरचना निर्माण गरि त्यसलाई धार्मिक तथा पर्यटकिय गन्तव्यको रुपमा विकास गर्ने निति गाउँपालिकाले लिईरहेको छ भने आगमी दिनमा पनि यस्तो कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

गाउँपालिकाले योजना तथा कार्यक्रम निर्माण गर्दा स्थानीय स्तरमा रोजगार सृजना गरि बेरोजगार व्यक्तिहरुलाई रोजगार प्रदान गर्ने र आय आर्जन बृद्धि गर्ने खालको योजना निर्माणमा विशेष ध्यान पुर्याइएको छ । यस बाट विगत वर्षमा पनि धेरै नागरीकहरुले रोजगार प्राप्त गरि आयआर्जनमा टेवा पुगेको देखिन्छ ।तसर्थ आ.व. ०७७/०७८ मा पनि त्यस तर्फ विशेष ध्यान पुर्याइने छ ।

नेपाल लगाएत विश्वभरि नै महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस संक्रमणबाट हाम्रो गाउँपालिका मुक्त रहने सुखद र खुशिको विषय हो । आगमी दिनहरुमा पनि कोभिड १९ भाईरसको संक्रमणलाई नियन्त्रण गर्नको लागी सवै पक्ष एकता बद्ध भएर अगाडी बढ्न जरुरी छ ।कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणको लागी हालसम्म सहयोग पुर्याउनु हुने स्वास्थ्य कर्मिहरु, सुरक्षा कर्मिहरु, कर्मचारीहरु, जनप्रतिनिधिहरु राजनितिक पार्टीका नेता तथा कार्यकर्ताहरु, सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरु र आम समुदाय प्रति कृतज्ञता व्यक्त गर्दै आगमी दिनमा पनि निरन्तर सहयोगको आशा राखेको छु ।

यस आ.व. को निती तथा कार्यक्रममा गाउँपालिकाको सवै वर्ग, जाती, लिंग, धर्म, क्षेत्रको भावनाहरुलाई उच्च सम्माण गर्दै समेट्ने प्रयास गरिएको छ, तसर्थ यो निती तथा कार्यक्रमको कार्यान्वयनको लागी सवै क्षेत्रको रचनात्मक सहयोग प्राप्त हुन सक्ने अपेक्षा सहित अव म आगमी आ.व. ०७७/०७८ को वार्षिक निती तथा कार्यक्रम सभामा पेश गर्न चाहन्छु ।

१. आर्थिक विकास निती

१.१) *कृषि*

- कृषिलाई आधुनिकिकरण र व्यासायिकरण गरिने लक्ष्य लिइने छ। उमकुण्ड गाउँपालिका कृषि र पशुपालनको निम्ति अनुकुल स्थल हो तसर्थ व्यवसायीक कृषि तथा पशुपालनको संभाव्य क्षेत्रहरुको पहिचान गरि त्यस्ता क्षेत्रलाइ पकेट क्षेत्रको रुपमा विकास गर्ने निति लिइने छ ।
- कृषक समुह दर्ता तथा नविकरण र कृषि तथा पशुपंक्षिको तथ्याँक अध्यावधिक गर्नको लागी आवश्यक वातावरण तैयार गरिनेछ ।
- स्थानीइ महत्वको खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने खाद्यान्न वालीको व्यवसायिक कृषि उत्पादन केन्द्र ( पकेट) विकास कार्यक्रम संचालन गर्ने निति लिईनेछ ।

- सम्पुर्ण गाउँपालिका बासीहरुलाई ताजा तरकारीमा आत्मनिर्भर बनाउनको लागी एक घर एक टनेल को निती लिईनेछ ।
- कोभिड १९ को कारण वैदेशिक रोजगार गुमाई स्वदेश फर्की कृषि व्यवसाय संचालन गर्ने युवाहरुलाई विशेष अनुदान दिने निती लिईनेछ ।
- माटो परिक्षण कार्यक्रम तथा कृषक, कृषि कम्पनि, कृषक समुह, कृषि सहकारीहरुलाई क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- खाद्यान्न, फलफुल, तरकारी र जडिबुटि खेतीको विकासको लागी लागत सहभागीतामा अनुदानको व्यवस्था मिलाईनेछ ।
- कृषकहरुको लागत घटाउनको लागी अनुदानमा कृषि औजारहरु वितरण गर्ने विउ विजनमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- स्थानीय जातका आलुको विउ सुधार गर्नको लागी स्थानीय विउ आलु सुधार कार्यक्रमलाई अगाडी बढाईनेछ ।
- स्थानीय कृषि उपज विक्रिवितरणमा सरलता ल्याउनको लागी उमाकुण्ड २ बाम्तिभण्डार र उमाकुण्ड ४ प्रितिमा लाग्ने साप्ताहिक हाटबजारलाई थप व्यवस्थित गरिनेछ । साथै मुख्य बजारहरुमा संकलन केन्द्रहरु स्थापना गर्ने तर्फै विशेष ध्यान दिईनेछ ।
- कृषिलाई पर्यटन संग जोड्नको लागी गाउँपालिकमा चिया खेती विकासको लागी आवश्यक कार्यक्रमहरु अगाडी बढाईनेछ ।
- घरेलु विषादि, प्राङगरिक मल निर्माणमा कृषकहरुलाई दक्ष बनाई रासायनिक मल तथा रासायनिक विषादि प्रयोगमा निरुत्साहित गर्दै उमाकुण्ड गाउँपालिकालाई आर्ग्यानिक गाउँपालिका निर्माण गर्ने निति लिईनेछ ।
- उमाकुण्ड गाउँपालिकामा अत्यधिक सम्भावना रहेका आलु, किवि, अलैची, चिया र खेति को विस्तार गर्दै बाँफो रहेको जमिनमा फलफुल खेति को वातावरण सृजना गरि जमिन बाँफो राख्ने प्रविृत्तिलाई निरुत्साहित गरिने छ ।

*१.२) <u>पशुपालन तर्फ</u>*

- पशुपालन व्यवसायको प्रबर्द्धन गर्नको लागी भुई तथा डाले घाँस प्रबर्द्धनमा प्राथमिकता दिईने छ । त्यसको निम्ती भुई तथा डाले घाँस श्रोत केन्द्र नर्सरी स्थापना गर्ने निती लिईने छ ।
- दुधमा आधारीत पशुपालन व्यवसाय प्रबर्द्धनको लागी उमाकुण्ड गाउँपालिकामा प्रत्येक वडामा संकलन केन्द्रको स्थापना गर्ने प्रबन्ध मिलाई त्यसको लागी दुग्ध सहकारी वा दुध डेरी स्थापना गराई उमाकुण्ड गाउँपालिकालाई २ वर्ष भित्र दुधमा आत्मनिर्भर हुने निति लिईने छ ।
- उमाकुण्ड गाउँपालिकाको प्रत्येक वडामा १/१ओटा पशु सेवा केन्द्र स्थापना गरि किसानहरुको समस्या आृनो पशुको आफ्नै वडाबाट समाधान गर्ने प्रवन्ध मिलाईने छ ।
- आधुनिक प्रविधि अनुसार पशुपालन व्यवसाय प्रबर्द्धन गर्नका लागी प्रत्येक वडामा जनचेतना मुलक तालिम गोष्ठी संचालनको लागी आवश्यक व्यबस्था मिलाईने छ ।
- युवा स्वरोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लगी पशुपालन व्यवसायमा अनुदान दिने व्यवस्था मिलाई युवाहरुको पशुपालन व्यवसाय तर्फ आकर्षित गरी विदेश पलायनलायई निरुत्साहित गरीने छ । यसरी अनुदान लिई दुरुपयोग गर्ने व्यक्ति वा समूहलाई अनुदान फिर्ता लिई आवश्यक कारबाहि गर्ने नितिलाई प्रभावकारी बनाईने छ ।
- मासु र अण्डामा आधारित कुखुरापालन व्यवसाय प्रबर्द्धनका लागी उमाकुण्ड गाउँपालिकामा विभिन्न जातको कुखुरा पालन गरी मासु र अण्डामा २ वर्ष भित्र आत्मनिर्भर गरिने निति लिईने छ ।
- पशुपंक्षी हानीनोक्सानी बाट कृषकहरुलाई जोगाउन पशु बिमा कार्यक्रम प्रभावकारी व्यवस्था मिलाईने छ ।
- कृषकहरुका लागी पशुपालन तथा पशुजन्य उत्पादनमा सहजताका लागी कृत्रिम गर्भधान कार्यक्रमलाई प्रभावकारी बनाउने व्यवस्था गरिने छ ।

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

- चौरिपालन व्यवसाय र पर्यटन प्रवर्दनमा सहयोग पुग्ने गरि चौरि महोत्सव गर्नका लागि आवश्यक व्यवस्था गरिने छ ।
- यस उमाकुण्ड गाउँपालिकामा माछापालन व्यवसाय प्रर्वद्नका लागि विभिन्न जातमा माछा पालन गरि उमाकुण्ड गाउँपालिकालाई माछामा आत्मानिर्भर गरिने निति लिईने छ ।
- उमाकुण्ड गाउँपालिकामा हावापानी तथा चरण क्षत्रको पहिचान गरि पशुपालन माछापालन , कुखुरापालन आदि पकेट क्षेत्र विकास गरिने छ।
- मासु र अण्डामा आधारित बट्राई, टर्की, कालिज व्यवसाय र पर्यटन प्रबर्द्धन सहयोग पुग्ने गरि ति व्यवसायहरुलाई प्रथामिकतामा राखिने व्यवस्था गरिने छ ।
- कृषकहरुका लागी पशु पालन तथा पशु जन्य उत्पादनमा सहजका लागी उन्नत जातको पशुपंक्षी पालन कार्यक्रमलाई प्रथामिकतामा राखि यस गाउपालिकाले कार्यक्रमलाई प्रभावकारि बनाउने व्यवस्था गरिने छ।
- उमाकुण्ड गाउँपालिकाको तर्फबाट कृषि तथा पशुविकासको निम्ति दिईने अनुदानको लागी सम्वन्धित व्यक्ति वा समुहको तर्फ बाट पनि कम्तिमा ५० प्रतिसत लागत सहभागीता सुनिश्चित भई सकेपछि मात्र अनुदान दिने व्यवस्था लाई प्रभावकारी बनाईने छ ।

*१.३)पर्यटन विकास तर्फ*

- प्राकृतिक रमणिय स्थलहरुले भरिएको उमाकुण्ड गाउँपालिकाको समृद्धीको प्रमुख आधारहरु मध्य पर्यटन क्षेत्रपनि एक हो । तसर्थ पर्यटन प्रवर्दनको लागी उमाकुण्ड गाउँपालिकाले दिर्घकालिन योजना निर्माण गरि अगाडी बढिरहेकोमा यस आर्थिक वर्षमा पनि पर्यटकिय पुर्वाधार निर्माणको कामलाई निरन्तरता दिईनेछ ।
- प्रसिद्ध धार्मिक तथा पर्यटकिय स्थल ताँमे डाँडामा पर्यटकिय पुर्वाधार निर्माणको कामलाई निरन्तरता दिनको साथै आ.व. ०७६/०७७ मा स्थगित भएको बृहत ताँमे महोत्सव कार्यक्रम आयोजना गरिनेछ ।
- उमाकुण्ड गाउँपालिकामा पर्ने पर्यटकिय पदमार्ग नुम्वुर चिज सर्किटको विकास र प्रचार प्रसारमा जोड दिनका साथै नुम्वुर चिज सर्किट हुँदै जट्टापोखरी पाँचपोखरी जस्ता प्रसिद्ध पर्यटकिय तथा धार्मिक स्थलसम्म पुग्ने मार्ग निर्माण कार्यलाइ प्राथमिकता दिइनेछ, उमातिर्थ मन्दिरको संरचना निर्माणको कार्यलाई अगाडी बढाईनेछ ।
- पहिचान भैसकेको पर्यटकिय गन्तव्यहरुको पुर्वाधार विकासमा जोड दिनको साथै पहिचान हुन नसकेको धार्मिक तथा पर्यटकिय गन्तव्यहरुको पहिचान गरि त्यसको विकासमा विशेष जोड दिइनेछ।
- आन्तरिक तथा बाह्य पर्यटन प्रवर्दनको लागी प्याराग्लाइडिङको परिक्षण उडान गर्नको साथै परिक्षण भैसकेको स्थानहरुमा त्यसको विकासमा जोड दिईनेछ ।

*१.४)सार्वजानिक निजि र सहकारी तर्फ*

- गाउँपालिकामा रहेको सार्वजानिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई अझ प्रभावकारी बनाउँदै गाउँपालिकामा लगानी मैत्रि बातावरण सृजना गरि थप लगानी भित्राउने वातावरण सृजना गरिने छ, साथै गाउँपालिकाको विकास र समृद्धिमा टेवा पुर्याउनको लागी क्रियाशिल सार्वजानिक निजी र सहकारीहरुको कार्यको उचित सम्मान गरिनेछ
- उपलब्ध श्रोत साधनको अधिकतम परिचालन गरि सार्वजानिक निजी र सहकारी क्षेत्रको साझेदारीलाइ प्राथमिकता दिदै प्राप्त उपलब्धिहरुको न्यायोचित वितरण बाट आर्थिक असमानताको अन्त्य गर्दै विभेद तथा भ्रष्टचार रहित समाजको निर्माण गर्ने निति लिइने छ।

२) सामाजिक क्षेत्र

*२.१)शिक्षा तर्फ*

- विश्वभर फैलिएको कोभिड -१९ कोरोन भाइरसले शैक्षिक क्षेत्रमा पुर्‍याएको क्षतिलाई न्यूनिकारण गर्न र शैक्षिक वर्षलाई असर हुन नदिन गाउँपालिकाले वैकाल्पिक शिक्षण सिकाईको रुपमा रेडियो र अन्य संचार माध्यमबाट पठनपाठनको व्यवस्था गरिनेछ । कोरोन भाइरसका कारण विद्यार्थीमा परेको

मनोवैज्ञानिक असरलाई न्यूनिकरण गर्न विद्यालय र गाउँपालिकाको सहकार्यमा सिर्जनसिल कार्यक्रमहरु संचालन गरिनेछ ।

- सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक, बालविकास केन्द्रमा कार्यरत सहजकर्ता र विद्यालय कर्मचारीहरुको मनोवल उच्च राख्न तथा पेशाप्रति समर्पित, कर्तव्यनिष्ठ र लगनशिल बनाउन प्रोत्साहन मुलक भत्ताको व्यवस्था गरिनेछ ।
- आधारभूत शिक्षा अनिवार्य तथा नि:शुल्क पाउने संवैधानिक अधिकारलाई सुनिश्चित गर्न विद्यालय जाने उमेर समूहका बालबालिकालाई विद्यालयमा भर्ना नगराउने वा भर्ना भएपछि पनि आधारभूत तहसम्मको शिक्षा पूरा नगरी बालबालिकालाई विद्यालयबाट छुटाउने अभिभावकलाई गाउँपालिकाबाट प्रदान गर्ने सेवा सुविधाबाट बाञ्चित गरिनेछ ।
- बालबालिकाहरु स्वस्थ नभए सम्म उनिहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैन भन्ने कुरालाई आत्मसाथ गर्दै गाउँपालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुको स्वास्थ्य अवस्थालाई ध्यायमा राखि स्वास्थ्य संस्थासँग सहकार्य गरी वर्षमा २ पटक स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ ।
- एक विद्यालय एक बालविकास केन्द्रको अवधारणलाई आवश्यकताको आधारमा निरन्तरता दिइनेछ । शिक्षा सुधारको प्रयास बालविकास कक्षाबाट गरिनेछ । बालविकास कक्षाकोठाको सजावट आकर्षक र मनोरञ्जनत्मक बनाउन गाउँपालिकाले शैक्षिक क्षेत्रमा कार्यरत् संघ संस्थासँग सहकार्य गरिनेछ ।
- शिक्षकको पेसागत विकासका लागि तालिमलाई अनिवार्य शर्त बनाउनेछ साथै विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रभावकारी ढंगबाट संञ्चालन गर्न शिक्षकलाई तालिमको व्यवस्था गरिनेछ । यसको लागि माध्यमिक तहको शिक्षकलाई तालिम प्रशिक्षकको रुपमा सूचिकृत गरिनेछ ।
- माध्यमिक तहमा अध्ययनरत् विद्यार्थीहरुमा अनुशासन र स्वयंसेवी भावनाको विकास गर्न गाउँपालिकाको लगानीमा सातै वटा माध्यमिक विद्यालयमा स्काउट गठन गरिनेछ । साथै प्रत्येक विद्यालयमा योग कक्षा संचालन गर्ने नीति लिइनेछ ।
- विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन बालक्लव मार्फत उमाकुण्ड गाउँपालिकाको शिक्षा ऐनले निर्धारणगरेको मापदण्ड बमोजिम अतिरिक्त क्रियाकलाप संचालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै गाउँपालिकाले अन्तर विद्यालय प्रतिस्पर्धात्मक गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप संचालन गरि विद्यार्थीहरुको प्रतिभा पहिचान गरिनेछ।
- गाउँपालिकाले अति विपन्न, अपाङ्ग, असक्त र असहाय, दलित तथा सिमान्तकृत सामुदायका बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी र उच्चशिक्षा हासिल गर्न आर्थिक अवस्था कमजोर भएको विद्यार्थीलाई छात्रवृत्रि प्रदान गर्न गाउँपालिका अध्यक्ष छात्रवृत्रि कोष स्थापना गरी सो कोषमा समाजसेवी, चन्दादाता, व्यापारी र शिक्षा प्रेमीहरुलाई आर्थिक सहयोग गर्न आव्हान गरिनेछ।
- प्रधानाध्यापकलाई विद्यालयको समग्र शिक्षण सिकाइ सुधार तथा व्यवस्थापनको लागि जिम्मेवार बनाई प्रोत्साहनमूलक भत्ताको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयको शिक्षालाई प्रभावकारी, गुणस्तर र समयसापेक्ष बनाउन प्रत्येक विद्यालयका प्रधानाध्यापकसँग गाउँपालिकाले कार्यसम्पादन करार सम्झौता गर्ने र प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षहरुसँग कार्यसम्पादन करार सम्झौता गर्ने व्यवस्था मिलाईनेछ । कार्यसम्पादन करार सम्झौता भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्ने व्यवस्था गरिनेछ ।
- हरेक विद्यालयका प्रधानाध्यापकले अर्धवार्षिक रुपमा विद्यालयको व्यवस्थापकीय गतिविधि र सिकाइ गुणस्तारको विषयमा गाउँ शिक्षा समितिको अध्यक्ष समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था मिलाइनेछ
- सामुदायिक विद्यालयमा कार्यरत् राहत, अनुदान कोटा तथा करार दरबन्दीका शिक्षकहरुको करार सेवा अवधि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाले थप गर्ने व्यवस्था मिलाइनेछ

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

- उमाकुण्ड गाउँपालिका, वडा पालिका र सामुदायको साझेदारीमा स्थानीय तहको प्रत्येक वडामा क्रमशा: बालबालिकाहरुलाई खेल्ने र मनोरञ्जन गर्ने सामग्रीहरु सहितको बाल उद्यान निर्माण गर्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्र संचालनमा रहेका आधारभूत विद्यालयहरुलाई विद्यालयको अवस्थिति, जनसंख्या वितरण, भौगोलिक अवस्था र सामाजिक न्याय हेरि नक्शांकनका आधारमा समायोजन तथा शिक्षक दरबन्दी मिलानलाई एकिकृत रुपमा व्यवस्थित गरिनेछ ।
- विद्यालय तहमा कार्यरत् शिक्षक तथा कर्मचारीहरुको पेसागत आचारसंहिता तयार गरी लागू गरिनेछ र सो अनुसार भए नभएको कडाईका साथ अनुगमन, निरीक्षण र सुपेरिवेक्षणको व्यवस्थामिलाईनेछ ।
- विद्याललय तहमा परीक्षा र मूल्याङ्कनको लेखाजोखा गर्ने, नतिजा विश्लेषण गर्ने र नतिजाको आधारमा शिक्षण सिकाई सूधार योजना तयार गरी कार्यान्वयन ल्याउने कार्यलाई व्यवस्थित गरिनेछ ।
- वि.व्य.स. तथा शि.अ. सं. पदाधिकारीलाई महिनाको २/२ पटक विद्यालयमा अनुगमण गरि अनिवार्य हाजिरी हुने व्यवस्था गरि आवश्यक भत्ता उपलब्ध गरिनेछ।
- गाउँपालिका भित्रका विद्यालयको भौतिक अवस्था, शैक्षिक अवस्था, सिकाइ वातावरण, सिकाई उपलब्धी स्तर, बालबालिकाको व्यावहारिक परिवर्तन, शिक्षकको कार्य सम्पादन स्तर, शैक्षिक नेतृत्व, पारदर्शि लेखा प्रणाली र स्रोत परिचालन लगायतका आधारमा मूल्याङ्कन गरी हरेक वर्ष **"उत्कृष्ट वर्ष विद्यालय"**का रुपमा सम्मान तथा पुरस्कारको व्यवस्था मिलाइनेछ ।
- विद्यालय तहमा स्थानीय तहको मौलिक कला, संस्कृति, भाषा, धर्म, प्रकृतिका स्रोत साधन तथा पर्यटकिय स्थालहरुकोसमावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गर्ने कार्यलाई अगाडि बढाईनेछ ।
- व्यावसायिक विषयको अध्ययन अध्यापनको परियोजन कार्य प्रयोगात्मक बनाउन माध्यमिक विद्यालय र आधारभूत विद्यालय(१-८) ले विद्यालयमा रहेको खाली जमिन वा जग्गा लिजमा लिई नमूना खेती गर्न विद्यालयले पेश गरेको प्रस्तावको आधारमा गाउँपालिकाले आर्थिक सहयोग गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रको सबै माध्यमिक विद्यालयमा उच्च गतिको इन्टरनेट पहुँचको विस्तर गरी विद्यार्थी संख्याको आधारमा कम्प्युटर र प्रोजेक्टर सहितको ICT प्रयोगशाला स्थापन गरिनेछ । यसलाई क्रमश: आधारभूत तहमा पनि विस्तार गरिनेछ ।
- चालु आर्थिक वर्ष २०७६।०७७ मा शून्य दरबन्दी भएका माध्यमिक विद्यालय, विद्यार्थी संख्याको आधारमा दरबन्दी कम भएका आधारभूत तथा माध्यमिक विद्यालय र बाल विकास स्थापन गरी सहजकर्ताहरुका लागि दिएको शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिइने छ ।
- विद्यालयमा स्थानीय विशेषता, आवश्यकता र सम्भावनाका आधारमा तोकिएको गुणस्तार मापदण्ड पूरा गर्न सकिने विधाका प्राविधिक तथा व्यावसायिक शिक्षा (डिप्लोमा) तहसम्मका कार्यक्रम संचालन गर्न प्रदेश सरकार र संघिय सरकारसँग समन्वय र सहकार्य गरिनेछ ।
- नमूना विद्यालयका लागि आवश्यक मापदण्ड र पूर्वाधार पुगेको माध्यमिक विद्यालयलाई नमूना विद्यालय निर्माण गर्न संघिय सरकार र प्रदेश सरकारसँग पहल गरिनेछ । साथै गाउँपालिकाले आफ्नै स्रोत साधनमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि गर्न एक वडा एक सामुदायिक नमूना विद्यालय निर्माणमा जोड दिइनेछ ।
- गाउँपालिका भित्रको सामुदायिक विद्यालयको एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी रुपमा व्यवस्थापन र प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । साथै गाउँपालिकाको केन्द्रमा सामुदायिक पुस्तकालय र इ-लाइब्रेरी स्थापन गर्न पहल गरिनेछ ।
- सामुदायिक विद्यालयका लागि आवश्यक फर्निचर, पुस्तकालय, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला, क्ष्मृत ल्याव, भौतिक पूर्वाधर, खानेपानी, शौचालय आदिको व्यवस्था विद्यार्थी संख्याको आधारमा गरिनेछ ।
- गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा कार्यरत् शिक्षक, कर्मचारी र बाल विकास सहजकर्तालाई परिचयपत्रको व्यवस्था मिलाईनेछ ।

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

२.२)युवा तथा खेलकुद

- गाउँपालिका भित्रको युवालाई स्वरोजगार बनाई जिविकोपार्जमा सहयोग पुऱ्याउन र रोजगारका अवसर सिर्जना गर्न गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य गरी सीप विकास तालिम संचालन गरिनेछ ।
- युवालाई विदेश पलायन हुनबाट रोक्न गाउँपालिकाले युवामैत्री नीति तर्जुमा गरी प्रत्येक वडाका युवामा उद्यमशीलता विकास गर्न उनीहरुबाट प्राप्त प्रस्तावका आधारमा अनुदान तथा ऋण निती लिईनेछ।
- गाउँपालिकाले युवालाई संगठित गरी उनीहरुको नेतृत्व क्षमता विकासका लागि अवसरहरु सिर्जना गर्न राष्ट्रिय युवा परिषद र प्रदेश युवा परिषदसँग आवश्यक पहल र समन्वय गरिनेछ ।
- विज्ञान, गणित र अंग्रेजी विषयमा कम्तिमास्नातक अध्ययन गरेका उत्कृष्ट विद्यार्थीहरुलाई गाउँपालिकाले बढीमा एक वर्षसम्म तोकिएका सुविधासहित विद्यालयमा स्वयंसेवक शिक्षकको रुपमा काम गर्ने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरुमा खेलकुद र अतिरिक्त क्रियाकलापहरुलाई अनिवार्य रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रत्येक वर्ष विभिन्न विधामा आधारभूत तह स्तरीय खेलकुद प्रतियोगित संचालन गरी विद्यार्थीहरुलाई खेलकुद प्रति जगरुक गराइने नीति लिइनेछ ।
- गाउँपालिकाबासीलाई शरीरिक र मानसिक रुपले स्वस्थ र तन्दुरुस्त राख्न गाउँपालिकामा र प्रत्येक वडामा व्यवस्थित खेलमैदानको निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२.३)*स्वास्थ्य तर्फ*

- कोभिड १९ लगाएत भविष्यमा आउन सक्ने स्वास्थ्य सम्वन्धि महामारी तथा विपत्तिबाट नागरीकहरुलाई जोगाउनको लागी प्रकोप नियन्त्रण कोषमा आवश्यक बजेटको व्यवस्था मिलाईने छ ।
- कोभिड १९ नियन्त्रणको लागी जनचेतनामुलक कार्यक्रमलाई प्रभावकारी बनाउनको साथै क्वारेन्टाइन र आईसुलेसनको उचित प्रवन्ध मिलाईनेछ।
- सवै स्वास्थ्य संस्थाहरुमा भौतिक पुर्वाधारको विकास गर्नका साथै आवश्यक सामग्रीहरुको व्यवस्थापनमा ध्यान दिईनेछ ।
- स्थानीय समुदायको स्वास्थ्य संस्थाहरु सम्म सहज रुपमा पहुँच पुर्याउनको लागी विशेष कार्यक्रम संचालन गरिने छ ।
- उमाकुण्ड गाउँपालिका वडा नं २ बाम्तिमा रहेको प्राथमिक स्वास्थ्य केन्द्रको स्तर बृद्धि गर्न आवश्यक व्यवस्था मिलाईने छ । साथै गाउँपालिकाको वडा नं ४ प्रितिमा पनि १५ सैयाको अस्पताल निर्माणको लागी विशेष पहल गरिनेछ । साथै स्वास्थ्य संस्था नभएको वडा मा स्वास्थ्य संस्था स्थापना गर्दै भवन नभएको स्वास्थ्य संस्थाहरुको भवन निर्माण मा विशेष ध्यान दिइने छ । साथै गाउँपालिकामा आवश्यक बर्थिङ सेण्टर तथा सामुदायिक ईकाइहरु स्थापना गर्दै जाने निति लिइने छ ।
- पुर्णखोप युक्त गाउँपालिकाको सुनिश्चितताको लागी खोप केन्द्रहरुको स्थापना गरि प्रभावकारि सेवा प्रदान गरिने छ । साथै महिला स्वास्थ्य स्वयमसेविका तथा आमा समुह हरुलाई थप क्रियाशिल बनाउनको लागी उचित प्रवन्ध र प्रोत्साहन को व्यवस्था मिलाइने छ। साथै महिला स्वास्थ्य स्वयमसेविकाहरुको क्षमता विकासका तालिम हरु संचालन गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाको सवै स्वास्थ्य संस्थाहरुमा एम्वुलेन्स व्यवस्थापन गर्ने निती लिईने छ । साथै आम जनसमुदायको स्वास्थ्य लाई मध्य नजर गरि विभिन्न संघसंस्था तथा अस्पताल हरुसँग सहकार्य गरि विशेषज्ञ सहितको स्वास्थ्य शिविर संचालन गरिने छ । साथै प्राण घातक एवम गम्भिर प्रकृतिको रोग लागी उपचार गराइरहेको आर्थिक हिसावले कमजोर विपन्न नागरिकलाई दिदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ।
- गाउँपालिकाले गाउँपालिकाको गर्भवति तथा सुत्केरी महिलाहरुलाई लक्षित गरि गर्भवति तथा सुत्केरी भेटघाट कार्यक्रम संचालन गरिनेछ ।

२.४)भाषा तथा संस्कृति तर्फ

- उमाकुण्ड गाउँपालिकामा रहेको विभिन्न जातजाती, धर्म,संस्कृति वर्ग, क्षेत्र, लिंगको  भाषा भेषभुषा संस्कृति संरक्षण र संवर्दन गर्दै संरक्षणको निति लिइने छ ।
- गाउँपालिका भित्र रहेको ऐतिहाँसिक मन्दिर तथा विभिन्न धार्मिक स्थलहरुको निर्माण मर्मत सम्भार र संरक्षणमा जोड दिईनेछ ।

२.५)खानेपानी तथा सरसफाई तर्फ

- खानेपानी आयोजनाहरुको निर्माण,मर्मतसंभार र विस्तार गरिने छ । खानेपानी वितरण गर्दा विभिन्न सरकारी तथा गैरसकारी संघसंस्थाहरु संग सहकार्य गरि  एक घर एक धारा निर्माणको कार्यलाई निरन्तरता दिईनेछ  । साथै सामुहिक धाराको अवधारणालाइ पनि अगााडी बढाइने छ ।
- खानेपानीको अत्यधिक समस्या रहेको क्षेत्रहरुमा संघ तथा प्रदेश सरकारहरु संगको सहकार्यमा खानेपानी आयोजनाहरु संचालन गरि खानेपानीको समस्या हल गर्ने निती लिईने छ ।

२.६)लक्षित समुह तर्फ

- लैंगिक समानता ,महिला ससक्तिकरण र महिलाको समान सहभागिता  बृद्धि गर्ने निति लिइने छ ।
- महिला तथा बालबालिका हिंसा न्युनिकरणमा जोड दिईनेछ । त्यसको लागी आवश्यक कार्यक्रमहरु अगाडी बढाईनेछ ।
- लक्षित समुदाय( महिला, दलित,अपांग, जेष्ठ नागरिक बालबालिका) लक्षित कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाइने छ । त्यसको लागी दोहोरो नपर्ने गरि गाउँपालिका स्तरबाट नै सम्वन्धित लक्षित समुदायको सहभागीतामा परम्परागत सीप प्रवर्दनात्मक कार्यक्रम, सीप विकास कार्यक्रम, क्षमता विकास कार्यक्रम, सम्मान कार्यक्रम, लगाएतका कार्यक्रम संचालन गरिने छ ।

३) पुर्वाधार क्षेत्र

- उमाकुण्ड गाउँपालिका भौगोलिक हिसावले ठुलो र अति दुर्गम गाउँपालिका हो । गाउँपालिकाले विगत वर्ष देखिनै गाउँपालिकालाई छोटो दुरीबाट जोंडने उद्धेश्यका साथ सात वटै वडाको केन्द्र भागबाट गाउँपालिकाको गौरवको योजनाको रुपमा मध्यमार्गी सडक निर्माण सम्पन्न गरि सडकको स्तरवृद्धिको काम प्रारम्भ गरेको छ तसर्थ आ.व. ०७७/०७८ मा उक्त मध्यमार्गी सडक लगाएत वडाका केन्द्रहरु जोडने सडकको स्तरोन्नतीलाई विशेष ध्यान पुर्याइने छ ।
- उज्यालो उमाकुण्डको अभियानलाई यसै आर्थिक वर्ष ०७७/०७८ मा पुरा गरिनेछ । त्यसको लागी गाउँपालिकाको सवै वडाहरु टोल र बस्तिहरुमा केन्द्रिय प्रशारण लाईन पुर्याइने छ ।
- नयाँ सडक निर्माण कार्यलाई निरुत्साहित गरि वडा कार्यालयहरु देखि गाउँपालिकाको केन्द्र सम्म जोड्ने सडक एवम विभिन्न हिसावले रणनितिक महत्व राख्ने वडा स्तरको सडकहरुकको  स्तरोन्नतिमा विशेष ध्यान पुर्याइने छ ।
- बाँकी रहेको वडा कार्यालय भवनहरु निर्माण गर्ने, अति आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माण तथा मर्मत गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- उमाकुण्ड गाउँपालिकामा निर्माणाधिन जलविद्युत आयोजनाहरुलाई प्रभावित जनताहरुको जायज मागहरुलाई सम्वोधन गर्ने वातावरण तैयार गरि समयमा नै आयोजना सम्पन्न गर्ने तर्फ विशेष ध्यान पुर्याइने छ । साथै नर्या विद्युत आयोजना संचालनको लागी आवश्यक वातावरण तैयार गरिनेछ ।

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

- साना सिंचाइ मर्मत संभार तथा निर्माण गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

४) *संस्थागत विकास सेवा प्रवाह र सुसासन क्षेत्र*

- गाउँपालिका तथा अन्य सरकारी कार्यालयहरुबात प्रवाह हुने सार्वजानिक सेवालाई नागरिक मैत्रि बनाइने छ । सेवा प्रवाहागर्ने कार्यलयहरुलाई जिम्मेवार बनाई जनताको काम छिटो छरितो र भरपर्दो हुने व्यवस्था मिलाईने छ ।
- उमाकुण्ड गाउँपालिकामा सवैभन्दा राम्रो काम गर्ने कर्मचारी, सवै भन्दा धेरै कर तिर्ने कर दाता, सर्वोत्कृष्ट अंक ल्याउने विषयका विषयगत शिक्षक एवम सवै भन्दा राम्रो काम गर्ने एक उपभोक्ता समितिलाइ पुरस्कार सहित सम्मान गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- सवै सरकारी कार्यालयहरुमा नागरिक बडापत्र राख्न आवश्यक व्यवस्था मिलाइने छ ।
- उमाकुण्ड गाउँपालिकाबाट हुने सवैखाले गतिविधि र आर्थिक क्रियाकलापमा मितव्ययि खर्च प्रणालीको विकास गरिनेछ ।
- उमाकुण्ड गाउँपालिकाको आर्थीक तथा अन्य सवै किसिमको गतिविधि बारे जनतालाइ सुसुचित गराउनको लागी सार्वजानिक सुनुवाइ तथा सार्वजानिक परिक्षण प्रणालीलाइ व्यवस्थित गरिने छ
- राजश्व तथा कर संकलन कार्यलाइ थप प्रभावकारी बनाइने छ । साथै यस आव बाट उमाकुण्ड गाउँपालिकाबाट स्विकृत भइ लागु गरिएको सवै किसिमको राजश्व तथा कर संकलन को शुरुवात गरिने छ । सवै भन्दा बढि राजश्व तथा कर संकलन गर्ने वडालाई प्रोत्साहन स्वरुप आगामि आव मा थप बजेटको व्यवस्था मिलाइने छ ।
- उमाकुण्ड गाउँपालिकामा कार्यरत कर्मचारी हरुलाइ प्रोत्साहित गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- वैदेशिक रोजगारबाट फर्किएका र विदेश जाने चाहाने नागरीकहरुको लागी विशेष कार्यक्रम संचालन गरिनेछ ।
- डिजिटल सिस्टमलाई प्रभावकारी बनाउनको लागी विद्युतिय शुसासनको विधिहरु उपयोग गर्न आवश्यक पुर्वाधारको विकास गर्नका साथै गाउँपालिका, वडा कार्यालयहरु, विद्यालय तथा अन्य कार्यालयहरुको सेवालाई विद्युतिय सुसासन (e governance) नेटवर्कमा जोडने निति लिईनेछ ।
- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सवैको बैंकिङ प्रक्रियाबाट भुक्तानि दिने व्यवस्था मिलाईनेछ । जसबाट सेवाग्राहीले हाल सम्म व्यहोरी रहेको झन्झटको अन्त्य हुनेछ।
- उमाकुण्ड गाउँपालिकाको सवै वडाहरु तथा गाउँगाउँमा internet connectivity को संजाल विस्तारको थालनी गरिनेछ, साथै विद्यालय तथा अन्य सार्वजानिक स्थल तथा कार्यालयहरुमा wifi को विस्तार गरिनेछ ।
- गाउँपालिकाको सम्पुर्ण सेवा प्रवाहमा ict तथा iot को प्रयोग गरि सेवाग्राही मैत्री बनाउनको साथै सवै सरकारी कार्यालयहरुमा smart attendance system को सुरुवात गरिनेछ ।
- जनतालाइ सुसासन तथा न्याय दिने काम लाई प्रभावकारी बनाउँने र न्याय प्रणाली सम्वन्धि सुसुचित र चेतना अभिबृद्धिको लागी चेतना मुलक कार्यक्रमहरुलाई निरन्तरता दिइने छ ।
- गाउँपालिका भित्रका मेलमिलाप केन्द्रहरुको व्यवस्थापनमा विशेष ध्यान पुर्याउँदै मेलमिलाप कर्ताहरुको क्षमता वृद्धि र प्रोत्साहनको कार्यक्रमहरु अगाडी बढाईनेछ ।

५.) *वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र*

- वनजंगलको संरक्षण गरि वातावरणलाई प्रदुषण मुक्त बनाउनको लागी सामुदायिक वन विकासको लागी आवश्यक व्यवस्था मिलाईनेछ ।
- उमाकुण्ड गाउँपालिका मा बसोवास गर्ने आम समुदायलाइ आइ पर्ने प्राकृतिक विपत्ति हरुबाट सुरक्षित गरि त्यस बाट हुने असर कम गराउने निति लिइने छ । त्यसरी प्राकृतिक प्रकोप तथा विपत्तिबाट मानविय तथा आर्थिक क्षति व्यहोर्ने नागरिकहरुलाई तत्काल पुनर्स्थापना को प्रवन्ध मिलाइने छ। त्यस्ता नागरिकलाई उमाकुण्ड गाउँपालिका बाट दिँदै आएको आर्थिक सहायतालाई निरन्तरता दिइने छ ।

उमाकुण्ड गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
प्रिती, रामेछाप
बागमती प्रदेश, नेपाल

➢ प्राकृतिक विपत्ति बाट जनतालाई पर्ने असर कम गर्नको लागी खोज तथा उद्धारको आवश्यक प्रवन्ध मिलाईने । साथै खोज तथा उद्धार र राहत सामग्री को  पुर्व तैयारी गरिने छ ।

श्री शेर बहादुर सुनुवार
अध्यक्ष